# प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधी, २०६८

## (नेपाल सरकार मा.कृषि तथा सहकारी मन्त्रीस्तरवाट स्वीकृत मितिः २०६८/७/७)

**प्रस्तावना**

नेपालभित्र गुणस्तरीय मलको आपूर्ती (उत्पादन, पैठारी तथा विक्री वितरण) व्यवस्था नियमन गरी कृषि उत्पादनलाई टेवा दिन रासायनिक मल (नियन्त्रण) आदेश-२०५५ तथा रासायनिक मल निर्देशिका-२०५७ कार्यान्वयनमा रहेको भएतापनि सो आदेश तथा निर्देशिका रासायनिक मलको विषयमा मात्र सिमित भएको र गत केही समय देखि प्राङ्गारिक एवं जैविक मलहरुको दर्ता एवं कारोवारका लागि यस मन्त्रालयको अनुमतिका लागि निवेदनहरु प्राप्त हुने गरेको सन्दर्भमा प्राङ्गारिक तथा जैविक मलको दर्ता सम्वन्धी कुनै कानूनी व्यवस्था नभएकोल प्राङ्गारिक तथा जैविक मलको नियमनका लागि त्यस्ता मलको उत्पादन, परिक्षण, आयात अनुमती तथा उत्पादनका लागि आवश्यक कच्चा पदार्थको आयात परिक्षण तथा विक्रि वितरण कार्य नियमन गर्न यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र परिचय**ः (१) यो कार्यविधिको नाम प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधी २०६८ रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) “मल” भन्नाले ठोस वा तरल रुपमा रहेको प्राङ्गारिक तथा जैविक मललाई सम्झनु पर्छ ।

(ख) “प्राङ्गारिक तथा जैविक  मल” भन्नाले कृषि वालीको लागि आवश्यक पोषक तत्व उपलव्ध गराउनको लागि बोट विरुवा वा माटोमा प्रयोग गर्न वनस्पति तथा पशुजन्य पदार्थ वा जीवजन्तुको मलमूत्र कुहाएर तयार गरिएको कार्वनयुक्त पदार्थलाई जनाउँछ ।

(ग) “प्राङ्गारिक झोल मल” भन्नाले विरुवालाई आवश्यक पोषक तत्व प्रदान गर्ने प्राणी वा वनस्पतिजन्य पदार्थलाई कुहाएर प्राकृतिक रुपमा निस्सारण (निचोरेर वा थिचेर, Extraction गरेर) वा सुख्खा प्राङ्गारिक पदार्थमा पानी मिसाई निस्सारण गरी तयार गरिएको र कुनै पनि प्रकारको अप्राङ्गारिक (Inorganic) वस्तुहरु मिसावट नभएको झोल पदार्थलाई जनाउँछ ।

(घ) “कार्यटोली” भन्नाले यसै कार्यविधीको परिच्छेद ३ बमोजिम गठित प्राविधिक कार्यटोली सम्झनु पर्छ ।

(ङ) “सम्वन्धित निकाय” भन्नाले मल उत्पादक/आयातकर्ता लाई जनाउँछ ।

(च) “शाखा” भन्नाले कृषि तथा सहकारी मन्त्रालयको अनुमगन तथा मूल्याङ्कन महाशाखा अन्तर्गत रहेको कृषि सामग्री आपूर्ती अनुगमन शाखा सम्झनु पर्छ ।

(घ) “मन्त्रालय” भन्नाले कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद २

## प्राङ्गारिक मलको मापदण्ड

३. **प्राङ्गारिक मलको मापदण्डः** मन्त्रालयमा दर्ता गरिने प्राङ्गारिक मलको लागि देहाय वमाजिमका मापदण्ड र गुणस्तरहरु तोकिएका छन्

| मापदण्ड (criteria) | गुणस्तर |
|---|---|
| न्यूनतम जम्मा नाइट्रोजन (N) % (oven dry basis) | १.५ |
| न्यूनतम जम्मा फोस्फोरस ($P_2O_5$)% (oven dry basis) | ०.५ |
| न्यूनतम जम्मा पोटास ($K_2O$)% (oven dry basis) | १.५ |
| चिस्यान % (oven dry basis) | २०–३० |
| प्राङ्गारिक कार्वन (Organic Carbon %) (oven dry basis) | १०–२० |
| कार्वन : नाइट्रोजन (C:N ratio) अनुपात | अधिकतम २०:१ |
| पि. एच. (pH) | ६.५ –७.५ |
| रङ्ग (color) | कालो–खैरो |
| गन्ध odour (smell) | अन्य गन्ध रहित, माटो जस्तो गनाउने |
| रोगका जीवाणुहरु pathogens | शुन्य |
| मेश आकार स्क्वायर मिलिमिटर (Mesh Size, mm) | १२.५ मि.मि × १२.५ मि.मि |
| **गह्रौं धातुहरु विशेषत** | |
| आर्सनिक Arsenic (AS) mg/kg | अधिकतम १० |
| क्याडियम Cadmium (cd) mg/kg | ५–१० |
| क्रोमियम Chromium (cr) mg/kg | अधिकतम ५० |

| | |
|---|---|
| शिशा Lead (Pb) mg/kg | अधिकतम १०० |
| पारो Mercury (Hg) mg/kg | अधिकतम २ |

द्रष्टव्य : झोल मलका हकमा भने अन्तराष्ट्रियस्तरमै मापदण्ड नभएको वर्तमान अवश्थालाई मध्यनजर गर्दै उत्पादक/आयाकर्ताले दर्ताका लागि प्रस्ताव गरेको मलमा उल्लेख भएको लेवल तथा प्रयोगशादा विश्लेषण नतिजाका आधारमा प्राविधिक कार्यटोलीले सिफारिस गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३

## कार्यटोलीको गठन, काम, कर्तव्य र अधिकार

४. **कार्यटोलीको गठनः**. (१) मलको स्पेशिफिकेशन, परिक्षण डिजाइन स्वीकृति, दर्ता लगायतका कार्यका लागि सिफारीस गर्न देहाय वमोजिमको एक प्राविधिक कार्यटोली गठन गरिएको छः

(क). सहसचिव, अनुगमन तथा मुल्याकंन महाशाखा, मन्त्रालय — संयोजक

(ख) प्रमुख माटो विज्ञ, माटो विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् — सदस्य

(ग) कार्यक्रम निर्देशक, माटो व्यवस्थापन निर्देशनालय, कृषि विभाग — सदस्य

(घ) मन्त्रालयका कृषि सामग्री आपूर्ती अनुगमन शाखाका प्रमुख — सदस्य सचिव

(२) कार्यटोलीले आवश्यकतानुसार सम्वन्धित विशेषज्ञलाई आफनो वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **कार्यटोलीको काम, कर्तव्य र अधिकारः** कार्यटोलीको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ

(क) सम्वन्धित निकायले पेश गरेको व्रोसर, लेवल, स्पेशिफिकेशन, अध्ययन प्रतिवेदन लगायतका कागजातहरुको आधारमा आयात अनुमती माग गरिएको मल वालीहरुमा प्रयोग गर्न उपयुक्त हुने/नहुने वारे अध्ययन गर्ने ।

(ख) सम्वन्धित निकायले परिक्षणका लागि पेश गरेको डिजाइनको अध्ययन गरी आवश्यक परे सम्वन्धित निकायसंगको समन्वयमा डिजाइन परिमार्जन गरी स्वीकृत गर्ने ।

(ग) परिक्षणवाट प्राप्त प्रतिवेदन अध्ययन गरी परिक्षण गरिएको मल दर्ता प्रक्रिया अघि बढाउने/नबढाउने वारे सिफारिस गर्ने ।

(घ) आवश्यकतानुसार परिक्षण कार्यको स्थलगत अनुगमन समेत गर्ने ।

(ङ) कार्यविधीमा उल्लेख भए बाहेकका अन्य विषयहरुमा मन्त्रालयवाट माग भएअनुसार राय सुझाव उपलव्ध गराउने ।

## परिच्छेद ४

## मलको परिक्षण तथा आयात अनुमती सम्वन्धी

६. **आयात अनुमति दिने:** (१) देहाय बमोजिमको शर्त तथा आधार (Criteria) हरु पुरा भएमा मलको फिल्ड परिक्षणका लागि आयात गर्न अनुमती दिन सकिनेछ ।

(क) नेपाल कृषि अनुसन्धान परिषद् वा परिषद् अन्तर्गतका कार्यालयबाट फिल्ड परिक्षण गरी परिक्षण प्रतिवेदन संलग्न गरेको,

(ख) परिक्षणको लागि आयात अनुमती माग गर्ने सम्वन्धित निकायले निवेदन र अन्य आवश्यक कागजातहरुका साथ उक्त मलको परिक्षणका लागि नेपाल कृषि अनुसन्धान परिषद् संग गरेको सम्झौता पेश गरेको,

(ग) परिक्षण कार्ययोजनामा कम्तीमा दुई सिजन (वाली प्रणालीमा आधारित) का लागि प्राविधिक कार्यटोलीद्धारा स्वीकृत डिजाइन र परिक्षणको लागि आवश्यक मलको परिमाण समेत स्पष्ट उल्लेख गरेको,

(घ) सम्वन्धित निकायले निवेदनसाथ मलको उत्पत्तिको मुलुक वा प्राङ्गारिक तथा जैविक मल हो भनी प्रमाणित गर्ने अन्तरार्ष्ट्रिय निकायवाट उक्त मल प्राङ्गारिक भएको प्रमाणित गरिएको विवरण संलग्न गरेको,

(ङ) मल आयात अनुमति प्रदान गर्ने सिलसिलामा आवश्यक देखिएका अन्य विवरण ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले प्राङ्गारिक मल स्वदेसमा नै उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थहरु आयातको लागि अनुमती माग गरेमा कार्यटोलीको सिफारिसका आधारमा मन्त्रालयले आयात अनुमती दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम स्वदेशमै उत्पादित मल तथा कच्चा पदार्थका दर्ताका सम्वन्धमा उपदफा (१) को खण्ड (घ) मा उल्लेख भए वाहेक आयातित मल सरहको परिक्षण एवं दर्ता प्रक्रिया अपनाउनु पर्नेछ ।

## परिच्छेद ५

## मल दर्ता प्रक्रिया सम्वन्धमा

७. **मल दर्ता गर्ने**. परिक्षणका लागि आयात गरिएको वा स्वदेशमै उत्पादन गरी परिक्षण गरिएको प्राङ्गारिक तथा जैविक मलको परिक्षण पश्चात् देहायका आधारहरु पुरा भएमा मल दर्ता प्रक्रिया अपनाईने छ ।

(१) प्राविधिक कार्यटोलीवाट स्वीकृत डिजाइन बमोजिम नेपाल कृषि अनुसन्धान परिषद् वा परिषद् अन्तर्गतका कार्यालयहरु र कार्ययोजनामा उल्लेख भएका जिल्लाहरुवाट उक्त

मलको प्रयोगवाट माटाको उर्वराशक्ति र वालीको उत्पादन/उत्पादकत्वमा परेको असर सम्वन्धी प्रतिवेदनका आधारमा प्राविधिक कार्यटोलीवाट मल दर्ता प्रक्रिया अघि बढाउने सम्वन्धि सिफारिस गरेमा,

(२) माटो व्यवस्थापन निर्देशनालय अन्तर्गतका माटो परिक्षण प्रयोगशालाहरु वा नेपाल सरकारवाट मान्यता प्राप्त अन्य प्रयोगशालाहरुमा उक्त मल परिक्षण गराउँदा सो को नतिजा उक्त मलको लेवलमा उल्लेख भए बमोजिम भएमा वा यसै कार्यविधिको दफा ३ मा उल्लेख भएको मापदण्ड पूरा भएमा ।

८. **दर्ता प्रमाणपत्र दिने:** (१) दफा ८ वमोजिमको प्रकृया पूरा भएमा मन्त्रालयले त्यस्तो मल दर्ता गरी सम्वन्धित व्यक्ति वा निकायलाई दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

(२) दर्ता प्रमाणपत्रको ढाचा अनुसुचि १ मा उल्लेख भए वमोजिम हुनेछ ।

## परिच्छेद ६

## दर्ता अस्वीकार एवं नविकरण सम्वन्धी व्यवस्था

९. **दर्ता गर्न अस्विकार गर्न सकिने:** (१) कसैले दर्ता गर्न निवेदन दिएका मलका सम्वन्धमा यस कार्यविधिमा उल्लेखित आधारहरु पुरा नभएको अवस्थामा त्यस्तो मलको आयात अनुमति प्रदान गर्न वा दर्ता गर्न वा परिक्षण गर्ने अनुमति दिईने छैन ।

(२) उपदफा (१) वमोजिम अनुमति प्रदान नगरेमा सो को आधार खुलाई सम्वन्धित निकायलाई जानकारी गराउनेछ ।

(३) एक पटक दर्ता गरिएको प्राङ्गारिक तथा जैविक मलको प्रमाण पत्र प्रत्येक ३ वर्षमा नविकरण गराउनु पर्नेछ । तर यस कार्यविधि वमोजिम आयातित तथा उत्पादन मल न्यून गुणस्तरको पाइएमा वा यस कार्यविधिको बर्खिलाप कुनै काम भएको पाइएमा मन्त्रालयले त्यस्तो मलको दर्ता प्र माणपत्र जुनसुकै वखत खारेज गर्न वा नविकरण अस्वीकृत गर्न सक्नेछ ।

(४) उपरोक्त प्रक्रिया बमोजिम यस मन्त्रालयमा एक पटक दर्ता भएको प्राङ्गारिक तथा जैविक मलको कारोवारका लागि कसैले निवेदन दिएमा शाखावाट सम्वन्धित निकायले नेपालभित्र कारोवार गर्नका लागि उत्पादकवाट अधिकृत वितरकको प्रमाण पत्र पाएको अवश्थामा वाहेक एक भन्दा वढी व्यक्ति वा निकायलाई अनुमती दिन सकिनेछ ।

## परिच्छेद ७

## विविध

**१०. मलको अनुगमन सम्वन्धी व्यवस्था** (१) मलको बजार तथा आपूर्ती व्यवस्थाका लागि नियमित अनुगमन कार्यमा सघाउ पुऱ्याउन रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ को दफा २२ बमोजिम नियुक्त रासायनिक मल निरिक्षकले नै यस कार्यविधी बमोजिम दर्ता हुने मलको अनुगमन गर्नेछ ।

(२) मलको नमुना सङ्कलन र विश्लेषण गर्दा रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ मा उल्लेख भए वमाजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

**११. यो कार्यविधि लागु हुनेः** यो कार्यविधि लागु हुनुभन्दा अगाडि नै परिक्षणका लागि आयात अनुमती प्राप्त गरी दर्ता प्रक्रिया अगाडि बढिसकेको प्राङ्गारिक तथा जैविक मलको हकमा परिक्षणका लागि आयात अनुमती दिदाका बखत अपनाउने गरेको प्रकृया बमोजिम नै हुनेछ ।

(२) यो कार्यविधी लागु हुनुभन्दा अघि दर्ता भइसकेका मलहरु यसै कार्यविधी बमोजिम दर्ता भएको सरह मानिने छ ।

(३) प्राङ्गारिक तथा जैविक मल दर्ता सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएका विषयहरुका सन्दर्भमा कार्यटोलीको सिफारिसका आधारमा मन्त्रालयसले निर्णय गरे बमोजिम हुनेछ ।

**१२. परिक्षण खर्च तथा वैठक भत्ता :** (१) यस कार्यविधि वमोजिम फिल्ड परिक्षण गर्दा लाग्ने खर्च सम्वन्धित व्यक्ति वा निकायले नै व्यहोर्नु पर्नेछ ।

(२) कार्यटोलीले यस कार्यविधि वमोजिमको काम गर्दा प्रचलित कानून वमोजिम वैठक भत्ता पाउनेछ ।

# प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८

## (मा.कृषि तथा सहकारी मन्त्रीस्तरवाट स्वीकृत मिति : २०६८/८/२३)

**प्रस्तावना:** नेपालमा रासायनिक मलको उत्पादन नभएको र आयातित रासायनिक मल पनि पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले माटोको उर्वराशक्तिलाई कायम राख्दै रासायनिक मलको परिपूरकका रुपमा प्राङ्गारिक मलको उत्पादन प्रवर्द्धन गर्नुपर्ने भएकोले र प्राङ्गारिक मलको उत्पादन कृषकस्तरमा व्यवसायोन्मुख हुदै गएको तथ्यलाई समेत मध्य नजर गर्दै नेपाल सरकारले स्वदेसमा उत्पादित प्राङ्गारिक मलमा अनुदान दिई यसको व्यवसायीकरण प्रवर्द्धन गर्न नेपाल सरकारको राष्ट्रिय कृषि नीति तथा आ.व.०६८/६९ को बजेट बक्तव्यमा उल्लेख भए वमोजिम कृषकहरुलाई प्राङ्गारिक मल सहुलियत मूल्यमा उपलब्ध गराउनका लागि कृषि तथा सहकारी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशिका" भन्नाले "प्राङ्गारिक मल अनुदान कार्यक्रम निर्देशिका, २०६८" रहेको छ।

(ख) "मल" भन्नाले प्राङ्गारिक मल सम्झनुपर्छ।

(ग) "प्राङ्गारिक मल" भन्नाले वोटविरुवालाई आवश्यक पोषकतत्व उपलब्ध गराउनका लागि माटोमा प्रयोग गर्न वनस्पति, र/वा पशुपंक्षीको कुहाएर वा जीवजन्तुको माध्यमवाट तयार गरिएको कार्वनयुक्त पदार्थ सम्झनु पर्छ। जस्तै : भर्मिकम्पोष्ट लगायतका अन्य प्राङ्गारिक मल।

(घ) "समिति" भन्नाले अनुदान वितरण व्यवस्थापन सम्झनुपर्छ।

(ङ) "कम्पनी" भन्नाले कृषि सामाग्री कम्पनी लिमिटेड सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद २

## अनुदान कार्यक्रम

३. **अनुदान दिईने:** (१) यस निर्देशिका वमोजिमको अनुदान कृषि सामाग्री कम्पनी लिमिटेड वा कुनै सरकारी संस्थान वा कम्पनी मार्फत किसानलाई वितरण गरिने प्राङ्गारिक मलमा प्रदान गरिनेछ ।

(२) कम्पनीले खरिद गरेको मलको मुल्य र अनुदानमा उपलव्ध गराउदा कायम हुने मूल्य वीचको फरक रकम मन्त्रालयद्धारा कम्पनीलाई अनुदानको रुपमा उपलव्ध गराईने छ ।

(३) किसानलाई अनुदानमा उपलव्ध गराईने मलको परिमाण र मलको मूल्य समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) अनुदान स्वदेसमा उत्पादित प्राङ्गारिक मलमा मात्र उपलव्ध गराइनेछ ।

४. **अनुदान उपलव्ध गराइने आधार:** (१) यस निर्देशिका वमोजिम प्रदान गरिने अनुदानको प्रयोजनको लागि कृषि सामाग्री कम्पनीले खरिद गर्ने प्राङ्गारिक मलमा देहाय वमोजिमको मापदण्ड पूरा भएको हुनुपर्नेछ ।

(क) देहाय वमोजिमको मापदण्ड र गुणस्तर पूरा भएको,

| **मापदण्ड (criteria)** | **गुणस्तर** |
|---|---|
| न्यूनतम जम्मा नाइट्रोजन (N) % (oven dry basis) | १.५ |
| न्यूनतम जम्मा फोस्फोरस ($P_2 0_5$)% (oven dry basis) | ०.५ |
| न्यूनतम जम्मा पोटास ($K_2 0$)% (oven dry basis) | १.५ |
| चिस्यान % (oven dry basis) | २०–३० |
| प्राङ्गारिक कार्वन (Organic Carbon %) (oven dry basis) | १०–२० |
| कार्वन : नाइट्रोजन (C:N ratio) अनुपात | अधिकतम २०:१ |
| पि. एच. (pH) | ६.५ –७.५ |
| रङ्ग (color) | कालो–खैरो |
| गन्ध odour (smell) | अन्य गन्ध रहित, माटो जस्तो गनाउने |
| रोगका जीवाणुहरु pathogens | शुन्य |

| | |
|---|---|
| मेश आकार स्क्वायर मिलिमिटर (Mesh Size, mm) | १२.५ मि.मि × १२.५ मि.मि |

**गह्रौं धातुहरु विशेषत**

| | |
|---|---|
| आर्सनिक Arsenic (AS) mg/kg | अधिकतम १० |
| क्याडियम Cadmium (cd) mg/kg | ५–१० |
| क्रोमियम Chromium (cr) mg/kg | अधिकतम ५० |
| शिशा Lead (Pb) mg/kg | अधिकतम १०० |
| पारो Mercury (Hg) mg/kg | अधिकतम २ |

(ख) मलको बोरामा व्यापारिक नाम (trade name) उल्लेख भएको,

(ग) मलको उत्पादन र खपत गरिसक्नु पर्ने मिति, ब्याच नम्वर र तौल प्रष्टरुपमा देखिने गरी सुरक्षित रुपमा प्याकिङ्ग गरेको,

(घ) मलमा पाईने पोषकतत्वको मात्रा प्रत्येक प्याकिङ्गमा उल्लेख गरेको,

(ङ) समितिले तोके वमोजिमको अन्य आधार पूरा गरेको ।

(२) कम्पनीले उपदफा (१) मा तोकिए वमोजिम आधार पूरा भएको मल खरिद गरी कृषकहरुलाई उपलब्ध गराउँदा रासायनिक मल अनुदान वितरण सम्वन्धमा व्यवस्था भए वमोजिम विक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ३

## अनुदान वितरण व्यवस्थापन सम्वन्धी

**५. अनुदान वितरण व्यवस्थापन समितिः** (१) यस निर्देशिका वमोजिम अनुदानमा उपलव्ध गराईने मलको व्यवस्थापनको लागि देहाय वमोजिमको समिति रहने छ

| | | |
|---|---|---|
| (क) | सचिव, कृषि तथा सहकारी मन्त्रालय | -संयोजक |
| (ख) | सह-सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, प्रशासन महाशाखा, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (घ) | रजिष्ट्रार, सहकारी विभाग | -सदस्य |
| (ङ) | महा-निर्देशक, कृषि विभाग | -सदस्य |
| (च) | प्रबन्ध सञ्चालक, कषि समाग्री कम्पनी लिमिटेड | -सदस्य |

(छ) सहसचिव (मन्त्रालयको कृषि सामाग्री आपूर्ति अनुगमन हेर्ने) -सदस्य सचिव

(२) उपदफा (१) वमोजिमको समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

(३) समितिको वैठकमा समितिले सम्वन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिले मल वितरणको मापदण्ड बनाई लागु गर्नेछ ।

(५) समितिले वैठकको कार्यविधि आफै निर्धारण गर्नेछ ।

(६) समितिको वैठक भत्ता कम्पनीको नियमानुसार हुनेछ ।

६. **समितिको काम, कर्तव्य तथा अधिकारः** (१) समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ,

(क) अनुदानित मूल्यमा विक्री वितरण गरिने मलको लागतको आधारमा विक्री मूल्य निर्धारण गर्ने,

(ख) कम्पनीलाई दिनु पर्ने अनुदान रकम निकासाको लागि कृषि तथा सहकारी मन्त्रालयमा सिफारिश गर्ने,

(ग) किसानलाई अनुदानमा उपलव्ध गराईने मलको परिमाण तोक्ने,

(घ) अनुदानित मूल्यमा उपलब्ध गराइने मलको खरिद, संचय, तथा विक्री वितरण गरे बापत कम्पनीलाई दिनु पर्ने कार्य सञ्चालन खर्च (Overhead cost) निर्धारण गर्ने,

(ङ) कम्पनीलाई उपलब्ध गराईने अनुदान रकमको हिसाब फछ्र्यौट तथा फरफारक गर्ने गराउने,

(च) जिल्लास्तरमा मलको वितरण व्यवस्था प्रभावकारी बनाउन जिल्लास्तरीय समितिलाई निर्देशन दिने । साथै, स्थानिय निकायहरुसंग यस्ता मल उत्पादन कार्यक्रम समन्वयात्मक ढङ्गले उत्पादन गर्ने सम्वन्धमा कार्य अगाडि बढाउन निर्देशन दिने ।

(छ) मापदण्डबमोजिमको मल वितरण भए/नभएको एकिन गरी न्यून गुणस्तरको मल उत्पादन र वितरण गर्ने फर्म/व्यवसायलाई कानुन अनुसार कारवाही का लागि सम्वन्धित निकायलाई निर्देशन दिने ।

(ज) अनुदान वितरण सम्वन्धी अन्य आवश्यक काम गर्ने, गराउने ।

**७. प्राविधिक उपसमितिको गठनः** (१) दफा ५ वमोजिमको अनुदान वितरण व्यवस्थापन समितिको काम कार्यमा सहयोग प्रदान गर्न समिति अन्तरगत देहायका पदाधिकारी रहेको एक प्राविधिक उपसमिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | सहसचिव (मन्त्रालयको कृषि सामाग्री आपूर्ति अनुगमन हेर्ने) | संयोजक |
| (ख) | प्रतिनिधि, कृषि सामाग्री कम्पनी लिमिटेड | सदस्य |
| (ग) | उपसचिव, वजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि व्यवशाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) | प्रमुख, कृषि सामाग्री आपूर्ति अनुगमन शाखा, मन्त्रालय | सदस्य सचिव |

(२) उपदफा (१) वमोजिमको उपसमितिले समितिको नियन्त्रण र निर्देशनमा रहि समितिको कार्य सम्पादनमा सहयोग गर्नु पर्नेछ ।

(३) प्राविधिक उपसमितिको अन्य काम कर्तव्य तथा अधिकार समितिले तोकेबमोजिम हुनेछ ।

**८. मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिः** (१) जिल्लास्तरमा मलको नियमित आपूर्ति, वितरण तथा अनुगमन गर्न देहाय बमोजिमको मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति रहनेछ,

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| (ख) | स्थानीय विकास अधिकारी | सदस्य |
| (ग) | प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| (घ) | प्रमुख, डिभिजन सहकारी कार्यालय | सदस्य |
| (ङ) | प्रमुख, कृषि सामग्री कम्पनी लिमिटेड | सदस्य |
| (च) | मल निरिक्षक, जिल्ला कृषि विकास कार्यालय | सदस्य सचिव |

(२) खण्ड (च) वमोजिम मल निरिक्षक नतोकिएको जिल्लामा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको प्रमुखले तोकेको अधिकृतले समितिको सदस्य सचिवको कार्य सम्पादन गर्नु पर्नेछ ।

**९. निर्देशिकाको व्याख्याः** (१) अनुदान वितरण सम्वन्धी यस निर्देशिकाको व्यवस्था अपूर्ण तथा अस्पष्ट भएमा वा निर्देशिकाको कार्यान्वयनमा व्यवधान भएमा समितिको निर्णय वमोजिम हुनेछ ।

# कृषकहरुलाई उन्नत वीउ विजन खरिद मूल्यमा अनुदान उपलव्ध गराउने सम्वन्धी कार्यविधी २०६८

## (नेपाल सरकार मा.कृषि तथा सहकारी मन्त्रीस्तरवाट स्वीकृत मिति : २०६८/८/२३)□

## पृष्ठभूमि

कृषि सामग्रीहरु मध्ये उत्पादनको लागि महत्वपूर्ण भूमिका खेल्दै आएको गुणस्तरयुक्त उन्नत बीउको प्रयोग मात्रले पनि उत्पादनमा करिब २० प्रतिशतसम्म बृद्धि हुनसक्ने तथ्यलाई ध्यानमा राखी बीउको आपूर्ति व्यबस्था सहज एबं प्रभावकारी बनाउन व्यापक सुधार गरी कृषकको खेतवारीमा उन्नत वीउ विजनको अधिकतम प्रयोग गराई खाद्यान्न उत्पादन एवं उत्पादकत्व वृध्दि मार्फत खाद्य सुरक्षा प्रत्याभूत गर्नु आजको आधारभूत आवश्यकता हो ।

नेपालमा मुख्य खाद्यान्न बालीका बीउहरु धान, गहुं र मकैको मात्र बर्षेनी करिब १ लाख ७५ हजार मे.टनको आवश्यकता पर्दछ भने आलु बाहेकका दलहन, तेलहन, घाँसे वालीको वीउ, तरकारीको वीउ विजन समेत गरी वर्षेनी करिव २,१०,००० मे.टन वीउको आवश्यकता पर्दछ ।

नेपालमा कृषकहरुले एकपटक नयाँ पुस्ताको बीउ खरिद गरी बर्षौसम्म आफ्नो खेतबारीमा प्रयोग गर्दै आएको देखिन्छ । र, करिव ७० प्रतिशत किसानहरुले परम्परागत बीउको प्रयोग गर्ने गरेको तथ्याङ्क छ । वीउको उत्पादन लागत बढ्न गई गुणस्तरयुक्त बीउ बजारमा महंगो हुनुको कारणले पनि सर्बसाधारण कृषकहरुको उन्नत वीउविजनको क्रयशक्ति घट्न गई आफ्नो खेतवारीमा प्रयोग गर्नवाट बंचित भइरहेको अवस्था विद्यमान छ । अन्तर्राष्ट्रिय बजारमा पनि गुणस्तरीय बीउ बिजनको बिक्रीमूल्य बढदै गइरहेको छ । बिकसित देश लगायत हाम्रो छिमेकी देश भारतमा पनि सरकारले बीउ उत्पादन देखि बीउ प्रशोधन मेसिन, औजार, बीउको संचयमा र नयां जातहरुको बिक्री बितरण सम्ममा बिभिन्न किसिमका सुबिधा एबं सहुलियतको व्यबस्था गर्दै आएको छ ।

यसै पृष्ठभूमिमा नेपालमा खाद्य सुरक्षा प्रवर्द्धन गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाउनु पर्ने आवश्यकतावोध भइसकेको वर्तमान परिप्रेक्ष्यमा सो को निमित्त उन्नत वीउ विजनको भुमिका उल्लेखनिय रही आएको सन्दर्भमा नेपाल सरकारको चालु आ.व. ०६८/६९ को बजेट तथा कार्यक्रममा उल्लेख भएको "**कृषकहरुलाई उन्नत वीउ विजन खरिद मूल्यमा अनुदान उपलव्ध गराउने**" नीति तथा कार्यक्रम कार्यान्वयनार्थ कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधी तयार गरी लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "कृषकहरुलाई उन्नत वीउ विजन खरिद मूल्यमा अनुदान उपलब्ध गराउने सम्वन्धी कार्यविधी, २०६८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रीपरिषद्‍वाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

१) "मन्त्रालय" भन्नाले कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

२) "अनुदान कार्यक्रम" भन्नाले नेपाल सरकारद्धारा कृषकहरुलाई उन्नत वीउविजन खरिदका लागि यो कार्यविधी बमोजिम सञ्चालित अनुदान कार्यक्रम सम्झनु पर्छ ।

३) "कम्पनी" भन्नाले राष्ट्रिय वीउ विजन कम्पनी लिमिटेड सम्झनु पर्छ।

४) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका प्रारम्भिक सहकारी संस्था/विषयगत संघ/जिल्ला संघ/महासंघ सम्झनु पर्दछ ।

४) "कृषि सामग्री आपूर्ती अनुगमन शाखा" भन्नाले कृषि तथा सहकारी मन्त्रालय अर्न्तगत अनुगमन तथा मूल्याङ्कन महाशाखाको मल तथा वीउविजन हेर्ने (पहिले रासायनिक मल इकाई भनिने गरिएको शाखा) शाखा सम्झनु पर्छ ।

५) "उच्चस्तरीय समिति" भन्नाले यसै कार्यविधिको दफा ५बमोजिम गठित "उच्चस्तरीय बीउ बिजन आपूर्ति तथा बितरण व्यबस्था समिति" सम्झनु पर्छ ।

६) "प्राविधिक कार्यदल" भन्नाले यसै कार्यविधि बमोजिमको "उच्च स्तरीय बीउ बिजन आपूर्ति तथा बितरण व्यबस्था समिति"लाई सहयोग गर्न गठित "प्राविधिक कार्यदल" सम्झनु पर्छ ।

**३. उद्देश्य :**

(क) कम साधन श्रोत भएका (Resource poor) कृषकहरुमा गुणस्तरयुक्त उन्नत जातका महङ्गा वीउ विजनहरुलाई अनुदानमा उपलब्ध गराई उन्नत वीउ विजनको अधिकतम प्रयोग गराई कृषि उत्पादन र उत्पादकत्वमा वृध्दिमार्फत खाद्य सुरक्षा प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

## परिच्छेद-२

## अनुदान उपलव्ध गराउने प्रक्रिया

४. राष्ट्रिय कृषि नीति,२०६१ ले लक्षित गरेको कम साधन श्रोत भएका कृषकहरुलाई तोकिएको सुविधा प्रदान गर्ने भन्ने भए बमोजिम लागत सहभागितका आधारमा देहायानुसार अनुदान उपलब्ध गराइनेछ :

(१) यस कार्यक्रम अन्तर्गत हाललाई राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडलाई उन्नत बीउ बिजन अनुदानमा बितरण गर्नका लागि मुख्य रुपमा जिम्मेवार बनाउने र उक्त कम्पनीलाई बीउ बिजनको लागत खर्चको आधारमा अनुदान उपलब्ध गराउने ।

(२) बीउ बिजन बिक्री बितरण गर्दा राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडले स्वयं खडा गरेको संयन्त्रबाट वा यसको डिलरको रुपमा सहकारी पसल एबं सहकारी संघ संस्थाहरु रहने गरी आवश्यक व्यबस्था गर्नेछ । कम्पनीले प्रति कृषक प्रति बर्ष तराईमा ४ विघा र पहाडमा ४० रोपनी जग्गाको लागि आवश्यक पर्ने खाद्यान्न बालीको बीउबिजन अनुदान कार्यक्रम अर्न्तगत बिक्री बितरण गर्नेछ ।

(३) कृषकस्तरमा सञ्चालन हुँदै आएको बिजबृद्धि कार्यक्रमबाट उत्पादित बीउ बिजन, सरकारी फार्म, केन्द्र एबं बीउ बिजन उत्पादन करार खेतीमा आधारित व्यक्ति, कृषक समूह, नीजि कम्पनी, फर्म एबं सहकारी संघ संस्था समेतसंग सम्झौता गरी बिक्री लायक गुणस्तरयुक्त बीउ खरिद गरी राष्ट्रिय वीउ विजन कम्पनी लि. ले बीउ बिजनको व्यबस्था मिलाउनेछ ।

(४) उपलब्ध साधन र श्रोतलाई मध्यनजर गर्दै मुख्य खाद्यान्न वालीलाई उच्च प्राथमिकतामा राख्दै हाललाई कृषकहरुलाई अनुदानमा मुख्यतः निम्नानुसारको बीउ बिजन उपलव्ध गराउने

(क) मुख्य खाद्यान्न बालीः धान, गहुं, मकै र कोदो

(ख) दलहल बालीः मुसुरो, चना, रहर, मुंङ्ग र केराउ

ग) तेहलन वाली : तोरी

(६) कम्पनीले बीउ बिजन बिक्री बितरण गर्दा राष्ट्रिय बीउ बिजन समितिले निर्धारण गरेको गुणस्तर भएको बीउ बिजन मात्र बितरण गर्नेछ । अनुदानमा बीउ बिजन बिक्री बितरण गर्दा बाली हेरी राष्ट्रिय बीउ बिजन कम्पनी लि. ले कायम गरेको बिक्री मूल्यमा **"उच्चस्तरीय बीउ बिजन आपूर्ति तथा बितरण व्यबस्था समिति"** ले बीउ बालीको जात एवं प्रकार हेरी २५% - ५०% अनुदान दिने व्यबस्था गर्न सक्नेछ ।

(७) उन्नत वीउ विजन खाद्यान्नमा प्रयोग नहुने गरी व्यवस्था मिलाउने हेतुले स्थानिय बजारमा विक्री भइरहने वीउसंग सम्वन्धित खाद्यान्नको दरभाउ भन्दा कम्तीमा २५ प्रतिशत भन्दा बढी हुनेगरी "उच्चस्तरीय बीउ बिजन आपूर्ति तथा बितरण व्यबस्था समिति" ले वीउ विजनको विक्री मूल्य कायम गर्नेछ र सोही मूल्यमा कम्पनीका कार्यालयहरुले कृषकहरुलाई वीउ उपलव्ध गराउने छ । यस अनुसार कायम हुने बीउको बिक्री मूल्य र कम्पनीको लागत मूल्यमा पर्ने फरक रकम नेपाल सरकारले अनुदान वापत व्यहोर्ने र अनुदान बजेटको व्यवस्था अर्थ मन्त्रालयले सालवसाली रुपमा गर्नेछ । कम्पनीलाई उपलव्ध गराएको रकमको हिसावको फरफारकका लागि **"उच्चस्तरीय बीउ बिजन आपूर्ति तथा बितरण व्यबस्था समिति"** ले "फरफारक कार्यटोली" बनाउनेछ ।

## परिच्छेद-३

## आपूर्ती तथा वितरण सम्वन्धी संस्थागत व्यवस्था

५. उच्चस्तरीय बीउ बिजन आपूर्ति तथा बितरण व्यबस्था समिति र सहयोगी प्राविधिक कार्यदलको गठन

१) उन्नत बीउ बिजन अनुदानमा कृषकहरुलाई उपलव्ध गराउने व्यबस्थाको नियमित अनुगमन गरी आपूर्ति व्यबस्था प्रभावकारी बनाउन देहाय बमोजिमको **"उच्चस्तरीय बीउ बिजन आपूर्ति तथा बितरण व्यबस्था समिति"** गठन गर्ने ।

| | |
|---|---|
| श्री सचिव, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| श्री सह-सचिब, अर्थ मन्त्रालय | सदस्य |
| श्री कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| श्री महा-निर्देशक, कृषि बिभाग | सदस्य |
| श्री रजिष्ट्रार, सहकारी बिभाग | सदस्य |

श्री प्रवन्ध संचालक, राष्ट्रिय वीउ विजन कम्पनी लि. सदस्य

श्री सह-सचिव (कृषि सामग्री आपूर्ति तथा अनुगमन हेर्ने) सदस्य-सचिब

**उच्चस्तरीय समितिको काम, कर्तव्य र अधिकार**

उच्चस्तरीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

१. प्राविधिक कार्यटोली समेतको सिफारिसको आधारमा अनुदानमा उपलव्ध गराइने वीउ विजनको कम्पनीवाट खरिद व्यवस्थाका लागि वाली, जात र गुणस्तर निर्धारण गर्ने ।

२. बाली हेरी राष्ट्रिय बीउ बिजन कम्पनी लि. ले कायम गरेको बिक्री मूल्यमा अनुदानको प्र तिशत समेत निर्धारण गर्ने ।

३. बीउको बिक्री मूल्य र कम्पनीको लागत मूल्यमा पर्ने फरक यकिन गर्ने । र, प्राविधिक कार्यटोलीको सिफारिस समेतका आधारमा अनुदान रकम निकासा दिने ।

४. उच्चस्तरीय समितिको बैठक आवश्यकतानुसार बस्न सक्ने र उक्त बैठकमा बढीमा दुइजनासम्म विज्ञहरु आमन्त्रीत गर्न सकिने ।

५. अनुदानमा विक्री वितरण गरिएको वीउ विजन उपर गुनासो, उजुरीका सम्वन्धमा अन्तिम किनारा लगाउने ।

६. लक्षित किसानहरुलाई अनुदानमा गुणस्तरीय वीउ विजन उपलव्ध गराउने सम्वन्धमा अन्य आवश्यक निर्णयहरु लिने ।

२) उन्नत बीउबिजनको अनुदानमा बिक्री बितरणको व्यबस्थालाई निरन्तरता प्रदान गर्ने सम्बन्धमा दफा ५(१) बमोजिम गठित उच्चस्तरीय समितिलाई सहयोग गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहेको **प्राबिधिक कार्यदल** गठन गरिनेछ । उक्त कार्यदलले उच्चस्तरीय समिति समक्ष अनुदान कार्यान्वयन सम्वन्धमा सिफारिस गर्नेछ ।

श्री सह-सचिब, (कृषि सामग्री आपूर्ती तथा अनुगमन हेर्ने) संयोजक

श्री प्रवन्ध संचालक, राष्ट्रिय वीउ विजन कम्पनी लि. सदस्य

श्री प्रमुख, वीउ विजन गुणस्तर नियन्त्रण केन्द्र सदस्य

श्री कार्यक्रम निर्देशक, वाली विकास निर्देशनालय, कृषि विभाग सदस्य

श्री प्रमुख, वीउ विजन प्रविधि महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् सदस्य

श्री उप-सचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय सदस्य

श्री प्रमुख, आर्थिक प्रशासन शाखा, कृ.त.स.मं सदस्य

श्री प्रमुख, कृषि सामग्री आपूर्ती अनुगमन शाखा, कृ.त.स.मं सदस्य-सचिव

(३) जिल्लास्तरमा अनुदानमा बीउ बिक्री बितरण कार्यलाई प्रभावकारी बनाउन देहाय अनुसारको **"जिल्ला कृषि सामग्री आपूर्ती व्यवस्था समिति"** ले आवश्यक व्यबस्था मिलाउने ।

श्री प्रमुख जिल्ला अधिकारी संयोजक

श्री स्थानिय बिकास अधिकारी सदस्य

श्री प्रमुख, जिल्ला कृषि बिकास कार्यालय सदस्य

श्री मालपोत अधिकृत सदस्य

श्री वाली विकास अधिकृत

(वा.वि.अ नभएका जिल्लाहरुमा कृषि प्रसार अधिकृत), जिल्ला कृषि विकास कार्यालय सदस्य- सचिव

## परिच्छेद-४

## अनुगमन सम्वन्धी व्यवस्था

६. यस कार्यक्रमको प्रभावकारी अनुगमनका लागि देहायबमोजिमको अनुगमन व्यवस्था मिलाइएको छ ।

१) क्षेत्रीयस्तरमा क्षेत्रीय कृषि निर्देशनालयहरु र केन्द्रीयस्तरमा कृषि विभाग एवं कृषि तथा सहकारी मन्त्रालयले कार्यक्रमको समग्र अनुगमन गर्नेछ । यसरी अनुगमन गरिएका विषयहरुको लिखित प्रतिवेदन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग लगायत अन्य सम्वध्द निकायमा पेश गरिनेछ ।

२) अनुदानित वीउको गुणस्तरको अनुगमन वीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहर भवनले गर्नेछ ।

३) मन्त्रालयको कृषि सामग्री आपूर्ती अनुगमन शाखाले यस सम्वन्धी कार्यहरुको समन्वय गने र्छ ।

## परिच्छेद-५

## विविध

७. बैठक र भत्ता १) उच्चस्तरीय समिति र प्राविधिक कार्यदलको बैठक आवश्यकतानुसार बस्नेछ । उच्चस्तरीय समिति र प्राविधिक कार्यदलको नियमानुसारको बैठक भत्ता र अन्य आवश्यक खर्च वीउ विजन कम्पनी लि.ले व्यवस्था गर्नेछ ।

८. कार्यविधीको व्याख्या १) यो कार्यविधीमा उल्लेख नभएका विषयवस्तुका सम्वन्धमा उच्चस्तरीय समितिले निर्णय गरे बमोजिम हुनेछ ।